नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
# वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति
☎ ४२११९७१
फ्याक्स : ४२११८९७
e-mail: planetarium@most.gov.np
website: www.planeta-observatory.gov.np
सिंहदरबार, काठमाडौं
नेपाल

प.सं. ०६५/६६
च.नं. ९७

मितिः २०६५/१०/२८

श्री प्रमुखज्यू,

**विषयः <u>अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ को उपलक्ष्यमा आयोजित कार्यक्रममा सहभागीता बारे</u> ।**

**"ब्रम्हाण्ड तपाईंको हो चिन्नुहोस्"**
**"The Universe, Yours to Discover"**

उपरोक्त नारा अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ लाई मनाउनका लागि तयार गरिएको नारा हो । अन्तर्राष्ट्रिय खगोल संगठन (IAU) को अनुरोध र आयोजनामा सन् २००९ लाई अन्तर्राष्ट्रिय खगोल वर्षको रुपमा मनाउने घोषणा संयुक्त राष्ट्र संघले गरेको छ भने संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक र साँस्कृतिक संगठन (यूनेस्को) ले यसलाई पारित गरिसकेको छ ।

ग्यालिलियो ग्यालिलीले दूरदर्शक यन्त्रद्वारा पहिलो पटक खगोलीय अवलोकन गरेको ४०० वर्ष पुगेको उपलक्ष्यमा अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ मनाउन लागिएको हो ।

यस विशेष वर्षको परिकल्पनालाई साकार पार्न विभिन्न ८ वटा लक्ष्यहरु सहित संसारभरि स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा विभिन्न गतिविधिहरु संचालित हुनेछन् । यी विभिन्न गतिविधिहरुमा विश्वका करिब एकसय पचास राष्ट्रहरु सहभागी हुने अनुमान अन्तर्राष्ट्रिय खगोल संगठनले गरेको छ र संसारभरका मानिसहरुलाई यसमा कुनै न कुनै रुपमा संलग्न गराउन आव्हान गरेको छ ।

अन्तर्राष्ट्रिय खगोल संगठनले विश्वका सबै राष्ट्रहरुलाई आव्हान गरे अनुरुप नेपाल सरकार, वातारण, विज्ञान तथा प्रविधि मन्त्रालय, वि.पि. कोइराला प्लानेटेरियम, अव्जरभेटरी तथा साइन्स म्युजियम बिकास समितिले पनि अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ को उपलक्ष्यमा नेपालमा विभिन्न कार्यक्रमहरु तथा गतिविधिहरु संचालन गर्दैछ । त्यसमध्ये यसैसाथ संलग्न विवरण र समय तालिका अनुसार उच्च माध्यामिक विद्यालय (१०+२, विज्ञान) /I.Sc. स्तरीय खगोल विज्ञानसँग सम्बन्धित निबन्ध प्रतियोगिता र हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्दैछ । यी खगोल विज्ञान प्रतियोगिताहरुमा त्यस विद्यालय/कलेजबाट उत्कृष्ट दुई सहभागी (बढीमा) पठाइदिनु हुन अनुरोध गर्दछु । यस सम्बन्धि बिस्तृत विवरण यसै साथ संलग्न छ र वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको वेभसाइट http://www.planeta-observatory.gov.np मा पनि उपलव्ध छ ।

(सनत कुमार शर्मा)
सह-कार्यकारि निर्देशक

नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
**वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र**
**विज्ञान सङ्ग्रहालय विकास समिति**
सिंहदरबार, काठमाडौं

# अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ को उपलक्ष्यमा आयोजित खगोल विज्ञान सम्बन्धी निबन्ध प्रतियोगिता

**आवश्यक जानकारी**

१) निबन्धको शीर्षक “विकासका लागि खगोल विज्ञान” रहनेछ ।

२) निबन्ध नेपाली भाषामा लेखिएको हुनुपर्नेछ ।

३) निबन्ध बढीमा १००० शब्दको हुनुपर्नेछ ।

४) निबन्ध मौलिक हुनुपर्नेछ ।

५) आफ्नो उच्च माध्यामिक विद्यालय (१०+२, विज्ञान) / I.Sc. स्तरमा अध्ययतरत विद्यार्थीहरूमा प्रतियोगिता गराई उत्कृष्ठ मध्येबाट बढीमा दुई निबन्धहरु छनौट गरी निबन्धकारको नाम, ठेगाना र पासपोर्ट साइजको फोटो सहित पत्र वा इमेलद्वारा निम्न ठेगानामा पठाई सहयोग गरिदिनहुन अनुरोध छ ।

नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
**वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र**
**विज्ञान सङ्ग्रहालय विकास समिति**
फोन : ०१४२११९७१
सिंहदरबार, काठमाडौं
इमेल: sanatsharma@most.gov.np

निबन्धहरु मिति २०६५ फागुन मसान्त सम्ममा यस समितिमा आइसक्नुपर्नेछ । त्यसपछि प्राप्त निबन्धहरु प्रतियोगितामा समावेश हुने छैनन् ।

६) प्राप्त निबन्धहरुमध्येबाट विशेषज्ञहरुको टिमले उत्कृष्ट प्रथम, द्वितीय र तृतीय छानेर पुरस्कृत गरिनेछ र ती निबन्धहरु यस मन्त्रालयबाट प्रकाशित हुने वैज्ञानिक जगत् पत्रिकामा प्रकाशित गरिनेछ ।

नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
**वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र**
**विज्ञान सङ्ग्रहालय विकास समिति**
सिंहदरबार, काठमाडौं

# अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ को उपलक्ष्यमा आयोजित खगोल विज्ञान सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता

**<u>आवश्यक जानकारी</u>**

१) खगोल विज्ञानसँग सम्बन्धित प्रश्नहरु मात्र सोधिने छन् ।

२) उच्च माध्यामिक विद्यालय (१०+२, विज्ञान) / I.Sc. स्तरमा अध्ययनरत विद्यार्थीहरू बीच प्रतियोगिता गराई विजयी दुई प्रतियोगीहरुको नाम मिति २०६५ फागुन १२ गतेभित्रमा आइपुग्ने गरी पत्र, फ्याक्स वा इमेलद्वारा निम्न ठेगानामा पठाइदिनु पर्नेछ । सहभागीको नाम, फोन/ मोबाइल, इमेल तथा विद्यालयका सम्पर्क व्यक्तिको फोन/मोबाइल उल्लेख गरी पठाउनु पर्नेछ ।


नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
**वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र**
**विज्ञान सङ्ग्रहालय विकास समिति**
सिंहदरबार, काठमाडौं
फोन : ०१४२११९७१
इमेलः sanatsharma@most.gov.np


३) नाम प्राप्त भएपछि विभिन्न चरणको प्रतियोगिताको मिति, समय र स्थान सूचित गरिनेछ ।

४) प्रतियोगिताको नेपाल टेलिभिजनद्वारा रेकर्ड गरी आजको विज्ञान कार्यक्रममा प्रसारण गरिनेछ ।

५) प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय हुने समूहलाई पुरस्कृत गरिनेछ ।